र २२ कातिक ०७६ patrikadaily.com नयाँ पत्रिका

# शिक्षक बन्न शिक्षाशास

## प्राज्ञिक डिग्री पूरा गरेपछि मात्र पेसागत डिग्री

**जुनीचाँदे गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
मजकोट, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०७६/०७/२२)

यस जुनीचाँदे गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट Fabrication package (Fabricated Steel Parts for Trail Bridge) खरिद गर्न मिति २०७६/०६/०५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका तथा यस कार्यालयको वेवसाइट http://www.junichaandemun.gov.np मा प्रकाशित देहायका सूचनाको देहायका खरिद तथा आपूर्ति कार्यका लागि रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपशिलमा उल्लेखित बोलपत्र न्यूनतम मुल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट भएकोको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरू तथा सरोकारवालाहरू सबैको जानकारीको लागि बोलपत्र स्वीकृत हुने यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल

| दर्ता नं. | ठेक्का नं | छनौट भएका बोलपत्रदाताहरूको नाम ठेगाना | कबोल अंक मूल्य अभिवृद्धि करसहित | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १ | Procurement of Fabrication package (Fabricated Steel Parts for Trail Bridge), National Competitive Bidding, IFB No. JCRM/NCB/G/GOOD/01/076/077 | Shree Safe Steels Pvt. Ltd. chitwan, Nepal | ३९,९९,२४६/१४ | (उनन्चालीस लाख उनन्सय हजार दुई सय छयालीस रुपैयाँ चौध पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

कल्भर्ट बाँध्दै थिए। अचानक एसएसबीको टोली आएर काम तत्काल रोक्न निर्देशन दियो। 'काम नरोके तिमीहरूलाई गोलीले उडाइदिन्छौँ भनेर धम्की दिए। त्यो भूमि नेपालको हो, तर हामीलाई सुरक्षा दिन नेपाली सुरक्षाकर्मी आएनन्। ज्यान गए जान्छ, आफ्नो भूमिमा कल्भर्ट बनाउँछौँ भनेर हामीले बनाइछाड्यौँ,' जैसवाल भन्छन्। तर, ज्यानै जोखिममा राखेर भारतीय बजारमा जानुपर्ने बाध्यता कहिले अन्त्य होला ? जैसवालको चिन्ता छ। 'बरु

नक्सामा राखेको भारतले त्यसलाई नसच्याए लिपुलेकमा गएर नेपाली झन्डा गाड्ने विद्यार्थी नेता हरीश भट्टले बताए। अछामको जयगढमा पनि विद्यार्थी भेला भएर विरोध जनाएका छन्।

### रोल्पामा पनि भारतीय अतिक्रमणविरुद्ध आवाज

रोल्पाका राजनीतिक दल, विद्यार्थी संगठन र विभिन्न संघसंस्थाले भारतीय अतिक्रमणविरुद्ध आवाज उठाएका छन्। रोल्पा जागरण समूहको नाममा स्वस्फुर्त सहभागीले 'लिपुलेक हाम्रो हो, भारतीय विस्तारवाद मूर्दावाद, मोदी सरकार मूर्दावाद, गो ब्याक इन्डिया'जस्ता नारा लगाउँदै लिबाङ बजार परिक्रमा गरेका थिए।

प्रदर्शनसहितको र्‍यालीपछि टुँडिखेलमा कोणसभामा भएको थियो। सभामा वक्ताहरूले भारतले राजनीतिक नक्सामा लिपुलेक आफ्नो बनाएर घृणित काम गरेको टिप्पणी गरे। 'भारतको नियत कतिसम्म गलत छ भन्ने कुरा अहिले देखिएको छ,' मानवअधिकारकर्मी खेम बुढामगरले भने, 'भारतको यो हस्तक्षेप अरिंगालको गोलामा हात हालेजस्तै हो, हामी यसको प्रतिवाद गर्छौं।' सुगौली सन्धिदेखि अहिलेसम्मका सबै शासकले भारतविरुद्ध बोल्न नसकेको आरोप लगाए। उनले भने, 'कूटनीतिक ढंगले कुनै पनि सरकारले अहिलेसम्म पहल गरेको देखिँदैन, यो नेपालीका लागि दुखद हो।' नेपालले आफ्नो सीमा निर्धारण गर्नुपर्ने, सीमा सुरक्षा अवधारणा ल्याउनुपर्नेमा वक्ताहरूले जोड दिएका थिए। नागरिक समाज रोल्पाका संयोजक घनश्याम आचार्यले राष्ट्रियताको पक्षमा एकताबद्ध विरोध जरुरी रहेको बताए।